मिति: २०८१।०६।२० गते
समय: बिहान ८:०० बजे

बैठक सङ्ख्या : ५

नगर कार्यपालिकाका नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी निरौला | उपप्रमुख | |
| ३ | श्री बिष्णुकुमार मगर | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री डम्बरबहादुर राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री भुमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री जंगबीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बू | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री भिमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| २० | श्री नारायण न्योपाने | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थीती !

१) चेतनाथ गौतम अधिकृतस्तर सातौं
२) भानुभक्त राई इन्जिनियर
३) रवि सुवेदी सहायकस्तर चौथो
(४) चुणा बोहोरा लेखा अधिकृत
(५) इन्द्र अर्याल जनस्वास्थ्य अधिकृत

मिति:२०८१।०६।२० गतेको कार्यपालिका निर्णय:

| सि न | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा। | मिति २०८१।०६।०८ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।<br>समिक्षामा पाइएका बिषयहरू:<br>केही निर्णयहरू कार्यान्वयन चरणमा रहेको भने केही कार्यान्वयन हुन बाँकी रहेको पाइयो। |
| २ | म्याद थप सम्बन्धमा। | लेटाङ नगरपालिका नगरकार्यपालिकाको मिति:२०८१।०४।०४ गतेको निर्णय बमोजिम नदिजन्य पदार्थको स्टक प्रमाणीत सम्बन्धी निर्णय भए पनी बिबिध कारणबाट स्टक प्रमाणित गर्ने कार्य मिति:२०८१।०६।१५ गतेबाट मात्र सुरू भएको र हाल दशै तिहारको समयमा स्टक क्लियर गर्न समय अभाव भएको भनी माग निवेदन समेत प्राप्त भएकाले स्टक क्लियरको लागि मङसिर १५ गते सम्मको लागि म्याद थप गर्ने। |
| ३ | कार्यबिधि संसोधन सम्बन्धमा। | लेटाङ नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यबिधि,२०७७ मा देहायको संसोधन गर्ने।<br>देहाय: (तल तालिका) |
| ४ | कर्मचारीको चाडपर्व खर्च सम्बन्धमा। | लेटाङ नगरपालिकामा करारमा कार्यरत ६ महिना अवधी पूरा भएका करार कर्मचारीलाई खाइपाइ आएको एक महिना बराबरको तलब चाडपर्व खर्च उपलब्ध गराउने।<br>२.लेटाङ नगरपालिकामा डोरहाजिरीमा कार्यरत ६ महिना अवधी पूरा भएका कर्मचारीलाई देहाय बमोजिम चार्डपर्व खर्च उपलब्ध गराउने।<br>देहाय: |

देहाय (क्र.सं. ३):

| हालको व्यवस्था | संसोधन गरिएको बिषय | संसोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ८ नगर प्रहरी कर्मचारिका लागि आवश्यक योग्यता:<br>(ख) पुरूष उम्मेदवारको हकमा ३५ बर्ष र महिला उम्मेदवारको हकमा ४० बर्ष उमेर ननाघेको। तर भू.पू नेपाली सेना नेपाली सेना प्रहरी र सशस्त्र प्रहरी र भारतीय सेनाबाट अवकास प्राप्त व्यक्ती तथा वारूण यन्त्रमा काम गरेको व्यक्तिको हकमा ४० बर्ष उमेर ननाघेको। | (ख) पुरूष उम्मेदवारको हकमा ३५ बर्ष र महिला उम्मेदवारको हकमा ४० बर्ष उमेर ननाघेको। तर भू.पू. नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी र भारतीय सेनाबाट अवकास प्राप्त व्यक्तिको हकमा ४८ बर्ष उमेर ननाघेको।र अन्यत्र जेसुकै लेखेको भए तापनी अवकास प्राप्त भू.पू. को हकमा न्यूनतम शैक्षिक योग्यता आवश्यक नपर्ने। | नगरप्रहरी भर्ना र छनौट गर्ने ४० बर्ष उमेर समूहको भू.पू. कर्मचारी तथा न्यूनतम शैक्षिक योग्यता पुरा गरेका अवकास प्राप्त कर्मचारीहरू कम भई सिमित प्रतिस्पर्धा हुने भएकाले। |

मितिः२०८१।०६।२० गतेको कार्यपालिका निर्णयः

| | | |
|---|---|---|
| | | २० हजार भन्दा धेरै तलबमान भएका कर्मचारीहरूको हकमा एकमुष्ठ रू २० हजार उपलब्ध गराउने साथै २० हजार भन्दा कम खाइपाई आएको तलब भएमा खाईपाई आएको तलब बराबरको चाडपर्व खर्च उपलब्ध गराउने। |
| ५ | जनप्रतिनिधिको चाडपर्व खर्च सम्बन्धमा। | लेटाङ नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूलाई गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ को उपदफा ४ मा भएको व्यवस्था बमोजिम चाडपर्व खर्च रू १००००। का दरले उपलब्ध गराउने। |
| ६ | पारिश्रमिक निर्धारण सम्बन्धमा। | लेटाङ नगरपालिकामा दरबन्दी नभएको तर नगरपालिकामा अति आवश्यक भई काममा लगाएका कर्मचारिहरूको (आन्तरिक श्रोतबाट तलबभत्ता खाने) तलबमा समानता ल्याउनका लागि मापदण्ड तयार गरी आगामी कार्यपालिकामा पेश गर्न मस्यौदा तयार समितिलाई जिम्मेवारी प्रदान गर्ने। |
| ७ | पर्यटन समिति पूर्णता | लेटाङ नगरपालिकाको पर्यटन विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को दफा (४) (ङ) बमोजिम देहायको कार्यपालिका सदस्यहरू मनोनयन गर्ने सर्वसम्मत निर्णय गरियो।<br>देहायः<br>(१)पुरणमाया राई<br>(२)ओमप्रकाश विश्वकर्मा |
| ८ | अस्पताल व्यवस्थापन समिति सम्बन्धमा। | लेटाङ नगरपालिकाको अस्पताल संचालन सम्बन्धी कार्यविधि निर्माण नभएको अवस्थामा नगर कार्यपालिकाको निर्णय बमोजिम गठन भई हालसम्म संचालनमा आएको अस्पताल व्यवस्थापन समितिले आफ्नो समयअवधी भरी प्रभावकारी रूपमा कार्य सम्पादन गरेकोमा लेटाङ नगर कार्यपालिका अस्पताल व्यवस्थापन समितिलाई हार्दिक धन्यवाद व्यक्त गर्दछ। हाल नगर अस्पताल (संचालन तथा व्यवस्थापन) कार्यबिधि,२०८१ को दफा (८) बमोजिम नयाँ समिति गठन भएकाले पुरानो व्यवस्थापन समितिलाई बरबुझारथका लागि पत्राचार गर्ने र नयाँ व्यवस्थापन समितिबाट आजकै मितिबाट कार्यभार समाल्ने गरी सर्वसम्मत निर्णय गरियो। |
| ९ | लेटाङ अस्पतालको लेखा सम्बन्धमा। | लेटाङ नगर अस्पताल (संचालन तथा व्यवस्थापन) कार्यबिधि,२०८१ को दफा १४ बमोजिम उल्लेख भए अनुसार अस्पतालको खाता संचालन गर्ने साथै दफा १४ (१) बमोजिम अस्पतालको लेखा संचालन गर्न एक जना लेखा हेर्ने कर्मचारी आवश्यक रहेकाले लेटाङ नगरपालिका लेखा शाखामा हाल कार्यरत लेखापाल पोषराज आचार्यलाई अस्पतालको लेखा हेर्ने जिम्मेवारी तोक्ने। |
| १० | सर्पदंश उपचार केन्द्र सम्बन्धमा। | लेटाङ नगरपालिका लेटाङ सर्पदंश उपचार केन्द्र (संचालन तथा व्यवस्थापन) कार्यबिधि,२०८१ को दफा ५(१) बमोजिमको सर्पदंश उपचार केन्द्रको नयाँ व्यवस्थापन समितिको गठन भईसकेकोले हाल सम्मको कारोबारको बरबुझारथ गर्न पुरानो व्यवस्थापन समितिलाई पत्राचार गर्ने साथै आजैको मितिबाट नयाँ व्यवस्थापन समितिले कार्यभार समाल्ने सर्वसम्मत निर्णय गरियो। |

मितिः२०८१।०६।२० गतेको कार्यपालिका निर्णयः

| | | |
|---|---|---|
| ११ | कार्यपालिकामा समय उपलब्धता सम्बन्धमा। | लेटाङ नगरपालिकाको पूर्व निर्धारित कार्यतालिका बमोजिम बस्ने प्रत्येक कार्यपालिका बैठकमा एक शाखालाई आफ्नो भए गरेको कामको बारेमा जानकारीका लागि १० मिनेट समय उपलब्ध गराउने। |
| १२ | नागरिक आरोग्य केन्द्र सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ४ मा अवस्थित नागरिक आरोग्य केन्द्रको सेवालाई थप प्रभावकारी बनाउनका लागि लेटाङ अस्पतालमा सार्ने। |
| १३ | तलव सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ८ को जौंते स्वास्थ्य चौकी मा कार्यरत ल्याव असिस्टेन्ट श्री लिला भट्टराईलाई ल्याव संचालनको आम्दानीबाट तलब वितरण गर्दै आएकोमा हाल भाद्र र असोज महिनाको ल्यावको आम्दानी बाट कार्यरत कर्मचारिको पारिश्रमिक भुक्तानी गर्न नसकिएको भनी वडा नं ८ को कार्यालयबाट सिफारिस पत्र प्राप्त भएकाले निजलाई दुई महिनाको अपुग रकम रू२८००० भुक्तानी प्रदान गर्ने। |
| १४ | बजेट बिनियोजन सम्बन्धमा। | लेटाङ नगरपालिकाको नगर स्तरिय बजेट शिलिडबाट (विपद् व्यवस्थापन कोष, मर्मत संभार कोष, निर्मित पैनीहरूको मर्मत संभार लगायतका अन्य) बजेट बिनियोजन नभई तथा योजना सम्झौता नभई वा नगरपालिकाबाट स्विकृती प्राप्त नभई वा निर्माण भएका कार्यबिधिहरूलाई पालना नगरी भएका कामहरू कुनै पनी कामहरूको भुक्तानी नहुने सर्वसम्मत निर्णय गरियो। |
| १५ | प्रतिवेदन स्विकृत सम्वन्धमा। | लेटाङ नगरपालिका सामाजिक विकास समितिबाट तयार भई प्राप्त भएको लेटाङ नगरपालिकाको स्थानीय संघसंस्थाको अवस्था अध्ययन प्रतिवेदन र सामुदायिक विद्यालयको विद्यार्थी पोशाक सम्बन्धी अध्ययन प्रतिवेदन २०८१ स्विकृत गर्ने। |
| १६ | बजेट बिनियोजन सम्वन्धमा। | १.लेटाङ नगरपालिका वडा नं ६ मा अवस्थित पार्टी खेतमा नगर प्रमुखको तोक आदेश बमोजिम विपद् व्यवस्थापनका लागि जे.सि.वि.को प्रयोग गरी चिसाङ खोला बाढी खेतमा पस्न बाट थुनी च्यानेलाईज गरेको खर्च प्राविधिक मुल्याङकन बमोजिम रू२३७३० भुक्तानी प्रदान गर्ने।(श्रोतः विपद् व्यवस्थापन कोष)<br>२.लेटाङ नगरपालिका वडा नं ९ को बिभिन्न पैनीहरूको मर्मत संभारका लागि प्राविधिक स्टमेट बमोजिम रू३४०७००/- बजेट विनियोजन गर्ने। (श्रोतः निर्मित पैनीहरुको मर्मत संभार) |
| १७ | जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने। | लेटाङ नगरपाललिका वडा नं.-१ तुर्के बस्ने श्री चन्द्रबहादुर लिम्बुको भुई ढलान गरी काठले बनेको टिनको छाना भएको ३ कोठे घरको जग चिरा चिरा परी धाजा फाटेको र निदाल (बिम) छुट्टिन गई उक्त घर जोखिमपूर्ण अवस्थामा रहेकाले विपद् व्यवस्थापन तथा राहतका लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने। |
| १८ | साझेदारी सम्बन्धमा। | लेटाङ नगरपालिकामा नमुना सामुदायिक वन उपभोक्ता समूहको च.नं.०८ भएको मितिः२०८१।०६।१५ गतेको बेसार खेती उत्पादनका लागि साझेदारिमा कार्य संचालन गर्नका लागि मागमा आधारित सामुदायिक वनहरूमा अधुवा र बेसार खेति प्रवर्धन कार्यक्रम अन्तर्गत ५०% लागत साझेदारी गर्ने। |
| १९ | बिद्यालय पोषाक सम्बन्धमा। | लेटाङ नगरपालिकामा अवस्थित सामाजिक विकास समितिले सामुदायिक विद्यालयहरूको अध्ययन गरी दिएको प्रतिवेदनमा देहायको ३ वटा सामुदायिक विद्यालयहरूमा अलग अलग |

मितिः२०८१।०६।२० गतेको कार्यपालिका निर्णयः

| | | |
|---|---|---|
| | | पोषाकमा अध्ययन अध्यापन गर्दै आएको पाइएको र यस्तो हुँदा एकै बिघालयमा अध्ययन गर्दै आएका विघार्थीहरूमा पोषाकमा एकरूपता नहुँदा बिघार्थिमा नकारात्मक असर परेको पाइएकाले पोषाकमा एकरूपताका लागि बिघायलहरूलाई पत्राचार गर्ने।<br>देहायः<br>१. शान्ती भगवती मा.वि. लेटाङ-४<br>२. शिक्षा विकास मा.वि. लेटाङ-५<br>३. जाँते मा.वि. जाँते लेटाङ-८ |
| २० | चाडपर्व सम्बन्धमा। | सम्पूर्ण लेटाङ नगरबासिहरुलाई आउँदै गरेको चाडपर्वहरूको शुभकामना सन्देश प्रवाह गर्ने। |
| २१ | श्रोत समायोजन सम्बन्धमा। | लेटाङ नगरपालिकाको स्थानीय राजश्व बाँडफाडमा श्रोतको अभाव भएकाले हाललाई आन्तरिक राजश्व बाट स्थानीय राजश्व बाँडफाडमा २५ लाख श्रोत समायोजन गरी हाललाई भुक्तानी प्रदान गर्ने। र निकासा आएपश्चात श्रोत मिलान गर्ने। |
| २२ | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन | १.लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित लोखरा पैनी मर्मत संभार कार्य प्रधानमन्त्री रोजगार कार्यक्रमबाट गर्ने।<br>२.झोलुङ्गे पुल देखी बान्द्रेनीटार सम्म गोरेटो बाटो निर्माण- लेटाङ-७(प्रधानमन्त्री रोजगार कार्यक्रमबाट गर्ने।)<br>३.वडा नं ७ जाने मुख्य सडकमा बाटो सोलिङ कार्य , लेटाङ-७ (प्रधानमन्त्री रोजगार कार्यक्रमबाट गर्ने।) |